स.क.प.आ.नं. १०३६०

जि.प्र.का.द.नं. ४४७

# समाज विकासमा गतिशिलता

## DYNAMISM IN SOCIAL DEVELOPMENT (DIDS)

धनगढी, कैलाली

## फर्निचर तालिमका लागि दरखास्त आह्वान सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशन मितिः २०८१/१२/२३)**

समृद्धिका लागि वन परियोजना, विश्व बैङ्कको आर्थिक सहयोगमा नेपाल सरकार, लुम्बिनी प्रदेश सरकार, मधेस प्रदेश सरकार र लुम्बिनी तथा मधेस प्रदेशका ५० स्थानीय तहहरूमा २०७८ साल चैत्र देखि कार्यान्वयनमा रहेको परियोजना हो । यस परियोजनाको उद्देश्य दिगो वन व्यवस्थापनमा सुधार गर्ने, वनबाट प्राप्त हुने फाइदाहरू वृद्धि गर्ने, र लुम्बिनी तथा मधेस प्रदेश अन्तरगत छनौट गरिएका स्थानीय तहहरू भित्र खुद हरित गृह ग्याँस उत्सर्जन न्यूनीकरणमा योगदान गर्ने रहेको छ । परियोजनाले दिगो वन व्यवस्थापन मार्फत साना र मझौला वन उद्यम विकास तथा स्तरोन्नतिका लागि व्यवसाय विकास सेवा र कृषि विकास वैङ्क लिमिटेडबाट कर्जा सेवाका लागि सहजीकरण गर्दछ । परियोजनाको प्रादेशिक परियोजना व्यवस्थापन इकाई, वन निर्देशनालय, बुटवलले DYNAMISM IN SOCIAL DEVELOPMENT (DIDS) धनगढी, कैलालीलाई तालिम सेवा प्रदायक संस्थाको रूपमा छनौट गरी फर्निचर निर्माण व्यवसाय सँग सम्वन्धित सीप विकास तालिमहरु सञ्चालनका लागि जिम्मेवारी प्रदान गरेको छ ।

यसै सन्दर्भमा, DIDS धनगढी, कैलालीले लुम्बिनी प्रदेशका पूर्वी रुकुम, रोल्पा, प्युठान, दाङ, बाँके, बर्दिया, कपिलवस्तु, रुपन्देही, अर्घाखाँची, पाल्पा, गुल्मी र नवलपरासी बर्दघाट सुस्ता पश्चिम जिल्लाहरुमा फर्निचर निर्माण व्यवसाय सँग सम्वन्धित असिस्टेन्ट फर्निचर मेकर तालिम (३९० घण्टा), मोडुलर फर्निचर फिटर तालिम (१८० घण्टा) र फर्निचर फिनिसिङ र पोलिसिङ तालिम (४० घण्टा) सीप विकास तालिमहरुमा सहभागी भई सीप विकास गर्न इच्छुक व्यक्ति तथा फर्निचर उद्योगमा कार्यरत कामदारबाट दरखास्त आह्वान गरिएको छ ।

योग्यता पुगेका इच्छुक व्यक्तिहरूले नागरिकताको प्रतिलिपि सहित यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र ईमेलः fppdids@gmail.com मा दरखास्त पेस गर्न हुन अनुरोध छ । साथै पहिलो दरखास्त पेस गर्नेलाई पहिलो छनौट विधिद्वारा सहभागी छनौट गरिने छ । यस सम्बन्धी विस्तृत सूचना वन निर्देशनालय, बुटवलको वेभ साइट https://pfdir.lumbini.gov.np/मा हेर्न सकिनेछ ।

- निवेदन पेस परि सक्नु पर्ने अन्तिम मितिः सुचना प्रकाशित भएको १५ दिन भित्र
- सम्पर्क व्यक्ति / मोबाइल न : लक्ष्मि चौधरी (तालिम संयोजक) ९८५२६८९६४३
- तालिम आवासीय हुने छ (खान बासको व्यवस्था सहित) ।
- तालिम स्थान सहभागीको छनौट भए पछि निर्धारण गरिने छ ।
- सहभागीहरूलाई तालिममा आते जाते एक पटकको लागि सार्वजनिक यातायातको भाडा उपलब्ध गराइने छ ।
- महिला र पिछडिएका समूहका व्यक्तिलाईदरखास्त पेश गर्नहुन प्रोत्साहित गरिन्छ ।

## सञ्चालन हुने तालिमको सुची

- असिस्टेन्ट फर्निचर मेकर तालिम ३९० घण्टा)
- मोडुलर फर्निचर फिटर तालिम(१८० घण्टा)
- फर्निचर फिनिसिङ र पोलिसिङ तालिम(४० घण्टा)

**सहभागी छनौट विधिः** पहिलो निवेदन पेस गर्नेलाई पहिलो छनौट विधि द्वारा सहभागी छनौट गरिने छ।

**सहभागीको लागि आवश्यक योग्यता :**

१. **असिस्टेन्ट फर्निचर मेकर तालिम (३९० घण्टा)**

- नयाँ उद्यम स्थापना तथा दर्ता गर्न इच्छा भएको ।
- साधारण लेख पढ गर्न सक्ने ।
- पूर्वी रुकुम, रोल्पा, प्युठान, दाङ, बाँके र बर्दिया,जिल्लामा बसोबास गर्ने ।
- व्यवसाय स्थापना तथा वृद्धि गर्न ऋण आवश्यक भए ऋण लिन धितो भएको ।

२. **मोडुलर फर्निचर फिटर तालिम (१८० घण्टा)**

- नयाँ उद्यम स्थापना तथा दर्ता गर्न इच्छा भएको वा फर्निचर उद्यम सञ्चालन गरिरहेको ।
- साधारण लेख पढ गर्न सक्ने ।
- पूर्वी रुकुम, रोल्पा, प्युठान, दाङ, बाँके, बर्दिया, कपिलबस्तु, रुपन्देही, अर्घाखाँची, गुल्मी, पाल्पा र नवलपरासी बर्दघाट सुस्ता पश्चिम जिल्लामा बसोबास गर्ने ।
- व्यवसाय स्थापना तथा वृद्धि गर्न ऋण आवश्यक भए ऋण लिन धितो भएको ।

३. **फर्निचर फिनिसिङ र पोलिसिङ (४० घण्टा)**

- नयाँ उद्यम स्थापना तथा दर्ता गर्न इच्छा भएको वा उद्यम सञ्चालन गरिरहेको ।
- साधारण लेख पढ गर्न सक्ने ।
- कपिलवस्तु, रुपन्देही, अर्घाखाँची, गुल्मी,पाल्पा र नवलपरासी बर्दघाट सुस्ता पश्चिम जिल्लामा बसोबास गर्ने।
- व्यवसाय स्थापना तथा वृद्धि गर्न ऋण आवश्यक भए ऋण लिन धितो भएको ।

CamScanner

CS CamScanner

# निवेदनको ढाचा

मिति : ................................

श्री तालिम संयोजक ज्यु
समाज विकासमा गतिशीलता, धनगढी कैलाली
सम्पर्क कार्यालय, बाके

**विषय : तालिमको लागि निवेदन पेस गरेको सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा त्यस कार्यालयको मिति ............................ मा प्रकाशित सूचना अनुसार म .................................... जिल्ला ............................. पालिका ........................ वार्ड न .............. निवासीले हाल .................................... काम गरी रहेको / इच्छुक भएकोले *(कुनै एउटा तालिम छान्ने)* असिस्टेन्ट फर्निचर मेकर तालिम ( ३९० घण्टा)/ मोडुलर फर्निचर फिटर तालिम ( १८० घण्टा) / फर्निचर फिनिसिङ र पोलिसिङ (४० घण्टा) तालिममा सहभागी हुन पाउ भनी देहायको विवरण सहित यो निवेदन पेस गर्दछु ।

निवेदक
..............................................
हस्ताक्षर : .................

- नाम थर :
- स्थायी ठेगाना :
- उमेर :
- सम्पर्क नं :

CS CamScanner

# निवेदकको विवरण

- नाम थर :
- स्थायी ठेगाना :
- उमेर :
- हाल गरी रहेको उद्यमको नाम (दर्ता भई सञ्चालनमा रहेका उद्यमीहरुको लागी) :

- स्थापना गर्न चाहेको उद्यम ( नयाँ उद्यमीहरूको लागि) :
    - उद्यम सञ्चालनमा रहको वा नयाँ उद्यम स्थापना गर्ने ठेगाना :

    - नयाँ उद्यमी भए उद्योग दर्ता गर्ने वा नगरी सञ्चालन गर्ने ( टिक लगाउनु होस)
        - दर्ता गर्ने
        - दर्ता नगरी सञ्चालन गर्ने
- तपाईंको व्यवसाय सुरु तथा विस्तार गर्न आवश्यक सेवाहरू ( टिक लगाउनु होस)
    - ऋण
    - सिप विकास तालिम
    - व्यावसायिक परामर्श र व्यावसायिक योजना निर्माण
- उद्योग सञ्चालन गर्न वा विस्तार गर्न ऋण आवश्यक छ ( टिक लगाउनु होस)
    - छ
    - छैन
- ऋण आवश्यक भए अन्दाजी कति सम्म आवश्यक छ रु.
- ऋण लिन धितो छ ( टिक लगाउनु होस)
    - छ
    - छैन
- तपाईंले सञ्चालन गर्ने उद्योगवाट उत्पादित बस्तुहरु:
- तपाईंले सञ्चालन गर्ने उद्योगवाट उत्पादित बस्तुको बजार बारे थाहा छ ( टिक लगाउनु होस)
    - थाहा छ
    - थाहा छैन
- छ भने सम्भावित बजार हरूको नाम :

निवेदक

हस्ताक्षर : ....................

नाम : ......................

मिति : ......................

सम्पर्क नं.